# लिखु गाउँपालिकाको विनियोजन ऐन, २०७७

प्रमाणिकरण मिति:- २०७७/०३/३१

ऐन नं.:- २४

**प्रस्तावना:** लिखु गाउँपालिकाको आर्थिक वर्ष ०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन साथै सो रकम विनियोजन गर्न वाञ्छानिय भएकाले,

नेपालको संविधान २०७२ को धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी लिखु गाउँपालिकाको गाउँसभाले सञ्चित कोषबाट रकम खर्च र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न यो ऐन बनाई लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम “लिखु गाउँपालिकाको विनियोजन ऐन २०७७” रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “ऐन” भन्नाले लिखु गाउँपालिकाको विनियोजन ऐन,२०७७ सम्झनु पर्दछ।

(ख) “कार्यपालिका” भन्नाले लिखु गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) “गाउँपालिका” भन्नाले लिखु गाउँपालिका सम्झनु पर्दछ।

(घ) “सभा” भन्नाले लिखु गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधान,२०७२ लाई सम्झनु पर्दछ।

**३. आर्थिक वर्ष ०७७।०७८ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्ने:** आर्थिक वर्ष ०७७।०७८ को निमित्त कार्यपालिका, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लेखित चालु खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. 40,11,10,400. (**अक्षरुपी चालिस करोड एघार लाख दश हजार चार सय मात्र**) रुपैयाँ मात्र नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

**४. विनियोजन:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष ०७७।०७८ को निमित्त लिखु गाउँ कार्यपालिका र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, विषयतगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा वचत हुने तथा कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले वचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढि शीर्षकहरुबाट अर्को एक वा एकभन्दा वढि शीर्षकहरुमा रकम सार्न, निकासा र खर्च गर्न सकिने छ।

(४) पूँजीगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भूत्तानीखर्च तथा ब्याज भूत्तानी खर्च शीर्षकमा वाहेक अन्य चालु खर्च तर्फ सार्न सकिने छैन तर चालु तथा पूँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्न सकिनेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा वढि शीर्षकहरुमा रकम सार्नु परेमा सभाको स्वीकृत लिनु पर्नेछ ।

## अनुसूची-१

### दफा (३) संग सम्बन्धित

नेपालको संविधान २०७२ को धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम ।

| क.स | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | गाउँकार्यपालिका | सञ्चालन तथा पूँजीगत खर्च | 6,00,20,000. | 9,76,96,000. | - | 15,77,16,000. |
| २ | विषयगत शाखाहरु | सञ्चालन खर्च पूजीगत खर्च | 1,68,38,000. | 31,62,000 | - | 2,00,00,000. |
| ३ | ऋणको साँवा ब्याज भूत्तानी | पूँजीगत खर्च | 0 | 0 | 0 | 0 |
| ४ | लगानी (शेयर/ऋण) | - | - | - | - | - |
| ५ | शसर्त | सञ्चालन तथा पूँजीगत | १५,९८,१५,०००। | ७९,८५,०००। | ० | १६,७८,००,०००। |
| ६ | सा.सु. | सा.सु. | 5,55,94,400. | - | - | 5,55,94,400. |
| | जम्मा | | 29,22,67,400. | 10,88,43,000. | - | 40,11,10,400. |